# गौमुखी गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७५

गाउँसभाबाट स्वीकृत मिति : २०७५/११/२९

**प्रस्तावनाः**
सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्दै, समुदायलाई सभ्य, सज्जीत, शान्त तथा सकारात्मक बाटोमा अग्रसर गराउन मदिराको नियन्त्रण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२६ बमोजिम मिति २०७५।०३।१० गतेको गाउँ सभाले यो मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधी २०७५ बनाई लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**
(१) यस कार्यविधीको नाम **"गौमुखी गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७५"** रहेकोछ ।
(२) यो कार्यविधि गाउँसभाबाट पारीत भएको मितिदेखी तुरुन्त लागु हुनेछ ।
३) यो कार्यविधि गौमुखी गाउँपालिको क्षेत्रभित्रमा लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-
(क) "घरेलु मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ लाई जनाउँछ र सो शब्दले घरेलु रुपमा उत्पादित जाँड, रक्सी, छ्याङ समेतलाई जनाउँछ ।

ख) "मदिरा" भन्नाले व्हिस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट लाई जनाउँछ ।

ग) "मदिरा कार्ड" भन्नाले मदिरा सेवनकर्ताले आफुलाई आवश्यकता अनुसार दैनिक रुपमा सेवन गर्नाको लागि गाउँपालिकाबाट नाम दर्ता गरि लिएको मदिरा सेवनकार्ड भन्ने सम्झनुपर्ने छ ।

(घ) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

(ङ) "अनुमतिपत्र" भन्नाले गाउँपालिका वा अन्य सम्वन्धीत निकायले मदिरा विक्री वितरणका लागि दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(च) "सार्वजनिक स्थल" भन्नाले यस यस आचारसंहिता प्रयोजनका लागी देहायको सार्वजनिक स्थल मानिनेछ :

१. सरकारी कार्यालय, सार्वजनिक संस्थानका कार्यालय, स्थानीय तहका कार्यालय,

२. शिक्षण संस्था, पुस्तकालय, तालीमसम्बन्धी संस्था,

३. अस्पताल तथा स्वास्थ्यसम्बन्धी संस्था,

४. धर्मशाला तथा धार्मिक स्थल,

५. चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला,

६. बालकल्याण गृह, वृद्धाश्रम, अनाथालय तथा क्लब

७. छात्र वा छात्रावास तथा अतिथि गृह,

८. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको स्वामित्व रहेका अन्य संस्थाहरु ।

(छ) "सेवनकर्ता" भन्नाले मदिरा सेवन गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

ज) "सेवनकार्ड" भन्नाले मदिरा सेवनकर्तालाई प्रदान गरिने परिचय पत्र भन्ने सम्झनु पर्छ ।

झ) " अध्यक्ष "भन्नाले गौमुखी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ञ) "संयोजक" भन्नाले न्यायीक समितिको संयोजकलाई सम्झनु पर्छ ।

**३. मदिराको उत्पादनमा नियन्त्रण :** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिराको उत्पादन गर्न पाउने छैन ।

**४. मदिराको बिक्री वितरणमा नियन्त्रण :** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिरा बिक्री, वितरण गर्न वा मदिरा खुवाउने बार वा रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन ।

**५. मदिराको उत्पादन तथा बिक्री वितरणमा बन्देज :**

(१) प्रथा, परम्मरा, धार्मीक प्रयोजनको लागी तोकिएको परिणाम बाहेक खुला तथा घरेलु मदिराको उत्पादन, ओसार पसार तथा विक्रि वितरण र सेवन गर्न पाइने छैन ।

(२) कसैले पनि प्लाष्टिकको पोका (पाउच) वा प्लास्टिकको बोत्तल मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्नु हुँदैन ।

(३) कसैले पनि अठार वर्षको उमेर पूरा नगरेको व्यक्ति, गर्भवती तथा सुत्केरी महिलालाई मदिरा बिक्री वितरण गर्न पाइने छैन ।

(४) अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिले मदिराको बिक्री वितरण गर्न पाइने छैन ।

(५) मदिराको सेवन गरी कुनै सवारी चलाउन पाइने छैन ।

(६) मदिरा सेवन गरी सरकारी कार्यालय, सार्वजनिक संस्था तथा सार्वजनिक सभा, समारोह, बैठकहरुमा प्रवेश गर्न पाइने छैन ।

**६. मदिराको निकासी पैठारीमा नियन्त्रण :** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

**७) मदिरा विक्रि वितरण र ओसार पसार र सेवनका लागि अनुमतिपत्र लिनु पर्ने :**
मदिरा विक्रि वितरण, ओसार पसार र सेवनकर्ताले तोकिएको ढाँचामा गाउँपालिका वा सम्वन्धीत निकायमा निवेदन दिइ सो निकायबाट अनुमति पत्र पाएको अवस्थामा मात्र विक्रि वितरण, ओसार पसार र सेवन गर्न पाइने छ । साथै वार्षिक रुपमा सवै प्रकारको नविकरण गरेको समेत हुनुपर्ने छ ।

**८. मदिरा सेवन कर्ताले होहल्ला, गाली बेइज्जती र झैझगडा गर्न नपाईने :**

मदिरा सेवन गरेर कुनै पनि व्यक्तिले होहल्ला गर्न पाईने छैन । कुनै पनि व्यक्तिले मदिरा सेवन गरि अर्को व्यक्ति वा टोलमा असर पुग्ने गरि होहल्ला गर्न पाइने छैन । साथै मदिरा सेवन गरि सेवनकर्ताले समुदायमा कसैलाई गाली बेइज्जती र झैझगडा गर्न पाइने छैन ।

**९. मदिरा विक्री वितरण र ओसार पसार :**
सरकारी निकायको दर्ता प्रक्रियामा आएका मदिरा पसलहरुले मात्र मदिराको विक्रि वितरण र ओसार-पसार गर्न पाउनेछन् ।

**१०) मदिरा विक्री वितरण, ओसार पसार र सेवनकर्ताका अनुमतीपत्र सम्बन्धी व्यवस्था :**
क) फर्म दर्ता र नविकरण शुल्क प्रचलित कानुन अनुसार हुनेछ ।
ख) सेवनकर्ताले दैनिक रुपमा १८० मि.लि.(180 ml.) र वियर परिकारमा एक बोत्तल मात्र सेवन गर्न पाइने छ । मदिरा सेवन अनुमतिपत्र प्राप्त गर्न नागरीकताको प्रतिलिपि सहित गाउँपालिकामा सेवनकर्ताले निवेदन दिनु पर्नेछ । निवेदन पश्यचात गाउँपालिकाले आवस्यक जाँचबुझ गरि तोकिएको ढाँचामा मदिरा सेवन अनुमतीपत्र जारी गर्नेछ । अनुमतीपत्र वापत सेवनकर्ताले वार्षिक रु.५०० बुझाउनुपर्नेछ । अनुमतीपत्र वार्षिक रुपमा नविकरण गर्नुपर्नेछ र नविकरण शुल्क रु.५०० हुनेछ ।

ग) मदिरा सेवन अनुमतीपत्रको ढाँचा अनुसुचि १ बमोजिम हुनेछ ।

**११. मदिरा विक्री वितरण, ओसार पसार र सेवनकर्ताले पालना गर्नु पर्ने शर्त :** मदिरा बिक्रेताले मदिरा बिक्री वितरण गर्दा निम्न शर्तहरु अनिवार्य पालन गर्नुपर्ने छ :
(१) अनुमतीपत्र प्राप्त थोक बिक्रेताले बिहान १० बजेदेखी राती ८ बजेसम्म मात्र बिक्रिवितरण गर्नुपर्नेछ भने खुद्रा बिक्रेताले साझँ ५:३० देखी ८:३० बजे सम्म मात्र बिक्रिवितरण गर्नुपर्नेछ । मदिरा विक्रिवितरणको समय आवश्कताअनुसार पुनरावलोकन गर्दै लगिनेछ ।

(२) मदिरा होलसेलकर्ता, ओसार पसारकर्ता र सेवनकर्ताले मदिरा खरिद वा सेवन गर्दा अनिवार्यरुपमा आफुले प्राप्त गरेको अनुमति पत्र लिएर आउनु पर्नेछ ।

(३) मदिराको कारोवार गर्ने व्यापारीले आफुले लिएको इजाजत पत्र पसलमा सबैले देख्ने गरि राख्नु पर्नेछ भने मदिराको रेट निर्धारण सहितको लिस्ट टासेर राख्नु पर्नेछ ।

(४) मदिरा सेवन गरि आएको वा मदिरा अनुमतीपत्र नभएको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाइने छैन ।

(५) मदिरा पसलमा अन्य खाद्यजन्य सामाग्री राख्न नपाईने ।

(६)प्रत्येक दिन आफुले बिक्री वितरण गरेको मदिराको दुरुस्त रेकर्ड राख्नु पर्ने छ । (किन्ने व्यक्तिको नाम, ठेगाना, मेर र किनेको परिणाम) ।

(७) खरिद बिक्रीको अनिवार्य बिल प्रयोग गर्नुपर्ने ।

(८) कानून बमोजिम इजाजत पत्र नविकरण गर्नु पर्ने ।

(९) विशेष पर्व, उत्सव, मेलाको समयमा सामाजिक शान्ति कायम गर्न सो समयमा मदिरा बिक्री वितरण गर्न नपाईने ।

(१०) गाउँपालिकाले विशेष कारण खुलाई बिक्री वितरण नगर्नु भन्ने सूचना जारी गरेको समयमा मदिरा बिक्री वितरण गर्न नपाईने ।

(११) मदिरा पसल विद्यालय, स्वास्थ्य केन्द्र, सार्वजनिक स्थल, पार्क, मन्दिर, सरकारी तथा गैरसरकारी कार्यालय भन्दा १०० (एक सय) मिटर टाढाको दुरीमा राख्ने ।

(१२) मदिरा सेवनकर्ताले तोकिएको परिणाम भन्दा बढी मदिरा सेवन गर्न पाउने छैन ।

(१३) मदिरा सेवनकर्ताले तोकिएको समयमा बाहेक मदिरा सेवन गर्न पाउने छैन ।

**१२. धार्मीक प्रयोजनका लागि घरेलु मदिरा उत्पादन गर्ने व्याक्तिले पालना गर्नुपर्ने शर्तहरु :**

क) घरेलु मदिरा उत्पादनको लागि गाउँपालिकाको कार्यालयबाट अनुमति पत्र लिनुपर्ने छ । सो अनुमती पत्रको ढाँचा अनुसुची २ बमोजिम हुनेछ ।

ख) धार्मीक प्रयोजनका लागि बढीमा वार्षीक रुपमा ३ पटक घरेलु मदिरा उत्पादन गर्न सक्ने छ ।

ग) घरेलु मदिरा एकपटकमा बढीमा ५ लिटर उत्पादन गर्न सकिनेछ ।

**१३. धार्मीक प्रयोजनका लागि घरेलु मदिराको अनुमतिपत्र सम्बन्धी व्यवस्था :**

धार्मीक प्रयोजनका लागि घरेलु मदिरा उत्पादन गर्न अत्यावस्यक पर्ने व्यक्तिले सम्बन्धीत वडामा निवेदन दिनु पर्नेछ। वडा स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिले आवस्यक जाँचबुझ गरी अनुमतिपत्रको लागी गाउँपालिकाको कार्यालयमा सिफारिस गर्ने छ। वडा स्तरीय समितिको सिफारीसको आधारमा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतले अनुमती पत्र दिन सक्ने छ। अनुमति पत्र वापत रु. ५००/- दस्तुर लाग्ने छ। झुटा विवरण पेश गरी अनुमती पत्र लिएको खण्डमा अनुमतीपत्र रद्द गरी रु.५०००/- जरिवाना गरिनेछ।

**१४) कारोवार अध्यावधीक :**
१) मदिरा विक्रीकर्ताले आफुले मासिक रुपमा विक्री वितरण, ओसार पसार र सेवनकर्तालाई विक्री वितरण गराएको कारोवारको रेकर्ड मासिक रुपमा गाउँपालिकाको कार्यायलमा अध्यावधिक गराउनु पर्ने छ। धार्मीक प्रयोजनका लागी घरेलु मदिरा उत्पादन गर्ने व्याक्तिले प्रत्यक चौमासीकमा आफुले उत्पादन गरेको परिणाम गाउँपालिकाको कार्यालयमा अध्यावधिक गराउनु पर्ने छ।

**१५. समिति गठन :** (१) मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि गाउँपालिका स्तरमा र प्रत्येक वडामा निम्न बमोजिमको मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति गठन गरिने छ।जसमा देहाय सदस्य रहनेछन्।

**गाउँपालिका मदिरा नियन्त्रण तथा व्यवस्थापन स्तरमा समिति**

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | - संयोजक |
| गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| स्वास्थ्य संयोजक | - सदस्य |
| स्थानीय प्रहरी प्रमुख | - सदस्य |
| स्थानीय उद्योग वाणिज्य संघ प्रतिनिधि | - सदस्य |
| स्थानीय होटल व्यवसाय प्रतिनिधि | - सदस्य |
| स्थानीय गैर सहकारी संस्था प्रतिनिधि | - सदस्य |
| गाउँपालिकाभित्र क्रियासील राजनितिक दलका प्रतिनिधिहरु | - सदस्य् |
| स्थानीय पत्रकारहरु | - सदस्य् |

**वडा स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन स्तरमा समिति**

| | |
|---|---|
| वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको व्यक्ति | - संयोजक |
| प्रहरी कार्यालयको प्रतिनिधि | - सदस्य |
| वडा स्तरको स्वास्थ्य कार्यालयको प्रतिनिधि | - सदस्य |
| वडा स्तरको महिला समुहको प्रतिनिधि | - सदस्य |
| वडा स्तरको बाल समुहको प्रतिनिधि | - सदस्य |
| महिला वडा सदस्य | - सदस्य |
| वडा कार्यालयको सचिव वा सचिवले तोकेको ब्यक्ती | - सदस्य सचिव |

**१६ नियमित अनुगमन :**

(१) मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिले आफ्नो क्षेत्र भित्रका टोल, बजार, विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजिनिक स्थलहरुमा मदिराको अवस्था केकस्तो छ सोको बारेमा जाँचबुझ गर्न महिनाको एक दिन अनिवार्य रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) अनुगमन समितिले अनुगमन गरि सकेपछिको प्रतिवेदन तयार गरि अनिवार्य रुपमा गाउँकार्य पालिकाको कार्यालयमा सो प्रतिवेदन पेश गर्नुपर्ने छ ।

(३) अनुगमन समितिले आफ्नो क्षेत्र भित्र मदिरा बिक्री वितरण बारे अनुगमन गर्दा यस कार्यविधिको दफा ११ मा उल्लेख गरिएका शर्तका कुरा के कति पालन गरिएका छन् सो कुरा प्रतिवेदनमा अनिवार्य खुलाउनु पर्ने छ । साथै निम्नाकुराको समेत अवस्था हेर्न सकिने छ ।

(क) समुदायमा मदिराको अवस्था के कस्तो रहेको छ सोको जानकारी,
(ख) इजाजत पत्र नविकरण गरेको छ वा छैन सोको जानकारी,
(ग) सेवनकर्ताले समुदायमा मदिरा सेवन गरि के कति होहल्ला, गाली बेइज्जती र झैझगडा गरे सोको जानकारी ।

**१७. सचेतना कार्यक्रम संचालन गर्ने :**

(१) प्रत्येक ६ महिनामा मदिराको प्रभाव, कानूनी व्यवस्था र सुधार गर्नुपर्ने विषयका बारेमा गाउँपालिका स्तरमा र वडा स्तरमा एउटा सचेतना कार्यक्रम गर्नुपर्ने छ ।
(२) गाउँपालिका स्तरमा र वडा स्तरमा गरिएको सो सचेतना कार्यक्रमको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य पेश गर्नुपर्ने छ ।

**१८. खानतलासी, कव्जा,वा गिरप्तार गर्ने सक्ने :**

१)कुनै स्थानमा वा यस कार्यविधि बमोजिम सजाय हुने कसुर भएको छ भन्ने मनासिव मासिफको कारण भएमा गाउँपालिकाले वा वडामा गठीत समितिले गाउँपालिकाको अध्यक्षसँग समन्वय गरी खानतलासी गर्ने सक्नेछ ।

२) त्यस्तो स्थानको खानतलासी गर्दा सो घरधनी वा जस्ले प्रयोग गरिरहेको छ उसैलाई जानकारी दिनुपर्ने छ ।

३) उक्त स्थानमा कार्यविधिमा उल्लेखित सजाय हुने बस्तु वा कसुर गर्ने व्यक्ति भेटीएमा तत्काल कव्जा गर्ने र गिरप्तारी समेत गर्न सकिने छ । त्यसरी कव्जा वा गिरप्तार गर्दा प्रहरीको सहयोग लिन सकिने छ र सो कुराको तत्काल जानकारी गाउँपालिकालाई दिनु पर्नेछ ।

४) यस कार्यविधि विपरीत उत्पादित घरेलु मदिरा, भाँडाकुँडा र सो का लागि प्रयोग हुने अन्य सामग्रीहरु जफत गरि नष्ट गरिने छ र तोकिए बमेजिम जरिवाना गरिने छ ।

**१९. सजाय गर्न सकिने :**

(१) गाउँपालिकाले कानून विपरित मदिरा उत्पादन, बिक्री वितरण तथा सेवन गरि होहल्ला, गाली बेइज्जती गर्नेलाई कानून बमोजिम सजाय गर्न सकिने छ ।

(२) मदिरा विक्री वितरणकर्ता, ओसार प्रसार र उत्पादककर्ता र सेवनकर्ताले यस कार्यविधिको दफा ५, १०, ११ र १२ मा उल्लेखित सर्त उल्लंघन गरेमा पहिलो पटक भए रु. २००० (दुई हजार )जरिवाना गरिने छ । सोही व्यक्तिले पटक पिच्छे सोही कसूर गरेमा रु.५०००( पाँच हजार ) का दरले बढ्दै जाने छ ।

३) यस कार्यमा सहयोगी भई कार्य गर्नेलाई समेत योजनाकार वा विक्रि वितरण,उत्पादन र ओसार गर्नेलाई हुने सजायको आधा सजाय गर्न सकिने छ ।

(४) सार्वजनिक पद धारण गरेको व्यक्ति वा सरकारी कर्मचारीले मदिरा सेवन गरि सामाजिक रुपमा होहल्ला, गाली बेइज्जती जस्ता क्रियाकलाप गरेमा आम व्यक्तिलाई गर्ने सजायको दोब्बर सजायका साथै विभागिय कारवाहीका लागि सिफारिस गरिने छ ।

**२०. मदिरा कोषको स्थापना :**

दफा १४ मा उल्लेख भए अनुसार तोकिएको जरीवाना वापतको रुकम जम्मा गर्नको लागि गाउँपालिका कार्यालयले एक छुट्टै खाता खोलेर राख्न पर्ने छ । माथि उल्लेखित व्यक्तिलाईकारवाही बाट प्राप्त रकमको २५ प्रतिशत रकम सुरक्षा व्यवस्थापन, २५ प्रतिशत शिक्षा र स्वास्थ्य क्षेत्रमा र १० प्रतिशत सुराकीलाई, १० प्रतिशत सूचनामा र ३० प्रतिशत रकम गाउँपालिकाको संचित कोषमा जम्मा गरिनेछ ।

**२१. कारवाहीका लागि सिफारिस गरि पठाउने :**

(१) समुदायमा कानून विपरित मदिरा उत्पादन, बिक्री वितरण गर्ने, पटक पटक तोकिएको शर्त उल्लंघन गर्ने र मदिरा सेवन गरि कुनै व्यक्ति तथा समुदायलाई पटक पटक गाली बेइज्जती गर्ने, कुनै आक्षेप लगाउने र समुदायमा मदिरा सेवन गरि झैझगडा गर्ने व्यक्तिलाई कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा वडा समितिले सिफारिस गरि पठाउन सक्ने छ ।

(२) पटक पटक कानून विपरित कार्य गर्ने व्यक्तिको इजाजत पत्र रद्द गर्न सिफारिस समेत गर्न सकिने छ ।

**२२. पुनरावेदन :** यस कार्यविधि अन्तर्गत जरिवाना गरिएको विषयमा चित्त नबुझे जरिवाना गरिएको ३५ दिन भित्र गौमुखी गाउँपालिकाको न्यायिक समितिमा पुनरावेदन गर्न सकिने छ ।

**२३. पुरस्कार :**कसैले यस कार्यविधि विपरीत कार्य गरेको कुराको प्रमाण सहित कसैले सुराकी दिएमा सो व्यक्तिलाई विगोको वा सजाय गरिएको रकमको रु १० प्रतिशत रुपैयासम्म पुरस्कार दिईने छ ।

**२४.बाधा अड्काउ फुकाउ** : यस कार्यविधीमा कुनै बाधा देखिएमा वा कानुनमा वाझीन गएमा कार्यपालिकाले फुकाउन वा संसोधन गर्न सकिनेछ ।

अनुसुची १
दफा १० सँग सम्बन्धीत
मदिरा सेवान अनुमतीपत्रको ढाँचा

फोटो

गौमुखी गाउँपालिका
पुजा, प्युठान
मदिरा सेवन अनुमतीपत्र २०७....

*गौमुखी गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७५ को दफा १० बमोजिम मदिरा सेवन गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ ।*

**अनुमति पत्र दिनेको**

**दस्तखत :**
**नाम :**
**पद :**
**कार्यालय :**

वडा नं.
सेवन कर्ताको नाम :
ठेगाना :
उमेर :

| मिति | बिक्रेताको नाम | मदिराको नाम | परिमाण | समय | बिक्रेताको हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

फोटो

अनुसुची २
दफा १२ सँग सम्बन्धीत
घरेलु मदिरा उत्पादन अनुमती पत्र (धार्मीक प्रयोजनको लागी मात्र )

गौमुखी गाउँपालिका
पुजा, प्युठान

*गौमुखी गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७५ को दफा १२ बमोजिम धार्मीक प्रयोजनका लागी घरेलु मदिरा उत्पादन गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ ।*

**अनुमति पत्र दिनेको**

**दस्तखत :**
**नाम :**
**पद :**
**कार्यालय :**

वडा न. :
उत्पादकको नाम :
ठेगाना :
उमेर :

**घरेलु मदिरा उत्पादन रेकर्ड :**

| सि.नं. | उत्पादन मिति | उत्पादित परिमाण | प्रयोजन | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |